# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १५ मितिः २०७७/०२/०१

## भाग -२

## रामपुर नगरपालिकाको
## अपाङ्गता क्षेत्र संरक्षण समिति कार्य संचालन कार्यविधि, २०७७

**प्रस्तावना :** रामपुर नगरपालिका नगर कार्यपालिकाको ८० औँ बैठकको निर्णय नं. १ बमोजिम नेपालको संविधान २०७२ को भाग ३, धारा १८,३१,३९,४२ र ४३ अपाङ्गता भएका व्यक्तिको मौलिक हक (समानता, शिक्षामा पहुँच, अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा विशेष सुविधा, सामाजिक न्याय तथा सुरक्षा) कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले अपाङ्गता भएका व्यक्तिहरुको वडा स्तरबाट समिति गठन गरी विभिन्न अपाङ्गता सम्बन्धी कार्यक्रम स्थानीय तह मार्फत सञ्चालनका लागि अनुदान रकम उपलब्ध गराउन वाञ्छनीय भएकोले , रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

१.१. यस कार्यविधिको नाम “अपाङ्गता क्षेत्र संरक्षण समिति कार्य सञ्चालन कार्यविधि - २०७७”रहेको छ ।

१.२. यो कार्यविधि स्वीकृत भई राजपत्र प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

### २. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “कार्यक्रम खर्च ”भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरि लक्ष्य , कार्यक्रम र वजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

ख) “प्रशासनिक खर्च ”भन्नाले सेवा महसुल तथा भाडा , कार्यालय सामान जस्ता चालु खर्च सम्झनु पर्दछ ।

ग) “मन्त्रालय” भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सम्झनु पर्दछ ।

घ) “स्थानीय तह ” भन्नाले रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ङ) “शाखा” भन्नाले रामपुर नगरपालिका स्थीत महिला बालबालिका तथा सामाजिक विकास शाखा सम्झनु पर्दछ ।

च) “समिति” भन्नाले अपाङ्गता क्षेत्र संरक्षण समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्देश्य, क्षेत्र, काम कर्तव्य र अधिकार , समिति छनौट सम्बन्धी व्यवस्था

### ३. उद्देश्य :

३.१. संविधानमा उल्लेखित अधिकारहरु र राज्य प्रदत्त सबै सेवा सुविधा र अवसरहरुमा अपाङ्गतामा भएका व्यक्तिहरुलाई आम नागरिक सरह समान आधारमा पहुँच स्थापित गर्नु ।

३.२. अपाङ्गता अधिकार सम्बन्धी महासन्धीले सुनिश्चित गरेका मानवअधिकारहरुको पूर्ण उपयोग गर्न पाउने वातावरण सृजना गर्नु ।

३.३. अपाङ्गता भएका व्यक्तिका सवालहरुलाई विकासका प्रकृयाहरुमा समावेश गरी देशको समावेशी विकासमा योगदान पुऱ्याउनु ।

**४. स्थानीय तहको काम कर्तव्य र अधिकार : स्थानीय तहको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

४.१. स्थानीय तहले निर्धारण गरेको नीति,कार्यक्रम र मापदण्डको आधारमा सञ्चालन गर्न सहयोग गर्ने ।

४.२. अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध गराउनु पर्ने सेवा र सहजताका लागि प्रभावकारी व्यवस्थापन र समन्वय गर्ने ।

४.३. कुनै प्रकारको समस्या तथा अप्ठ्यारो परिस्थिति आई परेमा तत्काल सम्बोधन गर्ने र अन्य निकाय (सुरक्षा निकाय र आवश्यकतानुसार अन्य निकाय) को आवश्यकता भएमा शाखा मार्फत सम्पर्क र समन्वय गरी समस्या समाधान गर्ने ।

४.४. निकासा भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने ।

४.५. खर्चको विवरण अभिलेख राख्ने ।

४.६. खर्च तथा काम कारवाहीको प्रतिवेदन तयार गरी शाखा मार्फत मन्त्रालयमा पेश गर्ने ।

**५. अपाङ्गता क्षेत्र संरक्षण समिति छनौटका आधारहरु :** स्थानीय तहले अपाङ्गता क्षेत्र संरक्षण समिति छनौट गर्दा देहायका आधारहरु पुरा गरेको हुनुपर्नेछ ।

५.१. अपाङ्गता भएका व्यक्तिको अभिभावक ।

५.२. साविक महिला तथा बालबालिका कार्यालय वा रामपुर नगरपालिका कार्यालयबाट मध्ययम अशक्त अपाङ्गता (ग, वर्ग) र सामान्य अपाङ्गता (घ, वर्ग) को परिचय खुल्ने अपाङ्गता परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति ।

५.३. लामो समय देखी अपाङ्गताको क्षेत्रमा आधिकारीक रुपमा संलग्न भई कार्य गरेका व्यक्ति ।

५.४. नैतिक पतन देखीने फौजदारी अभियोगमा अदालतबाट प्रमाणीत भई सजाय भोगेका व्यक्ति बाहेक, समाजमा स्वच्छ छवि बनाएका वडा कार्यालयबाट सिफारिस प्राप्त भई आएका व्यक्ति ।

५.५. २१ बर्ष पुरा गरी ६० बर्ष उमेर ननाघेका व्यक्ति ।

## परिच्छेद ३
## अनुदान खर्च

**६. अनुदान सम्बन्धी खर्च व्यवस्थापन देहाय बमोजिम हुनेछ : मन्त्रालयद्धारा /स्थानीयद्धारा प्राप्त हुने अनुदानः**

६.१. स्थानीय तहले जुन उद्देश्यको लागि रकम उपलब्ध गराएको गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

६.२. यस कार्यविधि बमोजिम प्राप्त/उपलब्ध भएको अनुदान खर्चको अवधि चालु आ.व सम्म हुनेछ ।

६.३. यस्तो अनुदानको भुत्तानी मन्त्रालय/ नगर सभावाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

६.४. अनुदान रकम खर्च गर्दा प्रचलित कानुनको अधिनमा रही गर्नुपर्ने छ ।

६.५. स्थानीय तहले अपाङ्गता क्षेत्रसंरक्षण समितको माग तथा आवश्यकताको प्राथमिकताका आधारमा अनुदान उपलब्ध गराउनेछ ।

## परिच्छेद ४

**७. अनुदान शर्त तथा बैंक खाता संचालन**

७.१. अनुदान शर्तः यस कार्यविधि बमोजिमका लक्षित वर्गलाई स्थानीय तहबाट जुन उद्देश्यको लागि अनुदान उपलव्ध गराईएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ । साथै खर्च सार्वजनिक गर्नुपर्नेछ ।

**७.२. भुक्तानी तथा बैंक खाता संचालन :**

७.२.१ यस कार्यविधि बमोजिम स्थानीय तह मार्फत अनुदान प्रदान गरिएको रकम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतमा अपाङ्गता क्षेत्र संरक्षण समितिको नाममा भुक्तानी दिईनेछ ।

७.२.२ अपाङ्गता क्षेत्र संरक्षण समितिको बैंक खाता समितिको अध्यक्ष, कोषध्यक्ष र सचिवको संयुक्त दस्तखतमा नेपाल राष्ट्रबैंक वाट स्वीकृत प्राप्त बैंकवाट संचालन गर्नुपर्नेछ ।

## परिच्छेद ५

### ८. अपाङ्गताको प्रथामिकताका क्षेत्र, अपाङ्गता क्षेत्र संरक्षण समिति गठन तथा पदावधी

**८.१. अपाङ्गताको प्रथामिकताका क्षेत्र देहायबमोजिम हुनेछ :**

क) राष्ट्रिय तथा स्थानीय समन्वय
ख) कानुन तथा नीतिहरुमा सुधार,
ग) शिक्षा
घ) स्वास्थ्योपचार
ङ) तालिम, रोजगार तथा स्वारोजगार
च) सूचना तथा सञ्चार
छ) पहुँच तथा अवरोधमुक्त बातावरण
ज) पुनस्थापना
झ) सामाजिक सुरक्षा
ञ) अपाङ्गता भएका बालालिका,महिला, ज्येष्ठ नागरिक तथा युवा
ट) जनचेतना तथा पैरबी
ठ) शसक्तिकरण
ड) खेलकुद,मनोरञ्जन र विश्राम
ढ) सहायक सामाग्री तथा सहयोगी सेवाहरु
ण) अपाङ्गता र विपद् व्यवस्थापन
त) सूचना र तथ्याङ्क

**८.२. अपाङ्गता क्षेत्र संरक्षण समिति देहाय बमोजिम हुनेछ :**

*संयोजक* : नगर प्रमुखले तोकेको वडा तहबाट नियमानुसार सिफारीस प्राप्त गरेका व्यक्ति मध्येबाट १ जना

*सदस्य* : वडा कार्यालयबाट सिफारिस प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिको अभिभावक मध्येबाट १ जना

*सदस्य :* वडा कार्यालयबाट सिफारिस प्राप्त गरेका व्यक्ति मध्येबाट ३ जना महिला अनिवार्य पर्ने गरी ८ जना

*सदस्य सचिव :* महिला बालबालिका तथा सामाजिक विकास शाखा अपाङ्गता विषय हेर्ने कर्मचारी

यस अपाङ्गता क्षेत्र संरक्षण समितिको पदावधि ३ बर्षको लागि हुनेछ ।

**८.३. संरक्षण समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क) अपाङ्गता क्षेत्रमा पर्ने सम्पूर्ण कार्यहरुको कार्यान्वयन गर्ने ,

ख) अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य नागरिक सरह समानता कायम गर्दै शिक्षामा पहुँच, अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा विशेष सुविधा, सामाजिक न्याय र दक्ष बनाउनका लागि पूर्ण प्रभावकारी व्यवस्थापकीय पक्षमा जोड दिंदै अपाङ्गता भएका व्यक्तिहरुलाई सुरक्षाको प्रत्याभूती दिलाउने ,

ग) अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरि त्यसको परिपुर्तिका लागि आवश्यकता अनुसार स्थानीय तह सँग समन्वय तथा सहकार्य गर्ने ।

घ) अपाङ्गता सँग सम्बन्धित भए गरेका सवै कार्यक्रमको अनुगमन,मूल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क तयार पार्ने ।

## परिच्छेद ६

**९. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन** : अनुगमन , मूल्यांकन तथा प्रतिवेदन देहाय बमोजिम हुनेछ ।

९.१. समितिको सम्पूर्ण कियाकलापको अनुगमन र पृष्ठपोषण स्थानीय तहले गर्नेछ ।

९.२. स्थानीय तहबाट विनियोजीत रकम खर्च गर्दा प्रचलित ऐन र नियमावली साथै यस कार्यविधिको अधिनमा कार्यक्रमको कार्यान्वयन र खर्च गर्नु पर्नेछ ।

९.३. अपाङ्गता क्षेत्र समन्वय समितिले गरेको कार्य प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ७
## विविध

१०. **गुनासो सम्बन्धी व्यवस्था :** विनियोजीत रकम अपाङ्गता क्षेत्र संरक्षण समितिले प्रचलित कानुन एंव यस कार्यविधि बमोजिम अनुदानको उचित उपयोग नगरेको भन्ने विषयसँग सम्बन्धित विषयमा उजुरी परेमा स्थानीय तहले अनुगमन गरि गुनासो व्यवस्थापन गर्नेछ ।

११. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

*प्रमाणीकरण मितिः- २०७७/०२/०१*

**आज्ञाले**
**ऋषिराम आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**